सरावलगाउँपालिका

# गाउँकार्यपालिकाकोकार्यालय

सरावल नवलपरासी ५ नं प्रदेश, नेपाल

२०७३

## आय ठेक्का वन्दोवस्त सम्बन्धी सूचना

प्रथम पटक प्रकाशितमिति :२०७५/८/२१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा२ घ (६) वमोजीम यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका नदीनालाबाट नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदी) संकलनका लागि आ.व. २०७५/७६ प्रदेश ५ को आर्थिक ऐनले तोकेको देहाय बमोजिमको दररेटमा बिक्री वितरण गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा ठेक्का लिन इच्छुक कम्पनि वा फर्मले सूचनामा उल्लेखित दस्तुर, निवेदन, आ.व. २०७५/७६ का लागि नविकरण भएको फर्म वा कम्पनिको ईजाजतपत्र र आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७४/७५ सम्मको आयकर चुक्ताको प्रमाणहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखी कार्यालय समयभित्र यस कार्यालयबाट निम्न शर्तको अधिनमा रही दरभाउपत्र खरीद गर्नको लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. ठेक्का अवधि सम्झौता मिति देखि २०७६ साल जेष्ठ मसान्त सम्म कायम रहने छ ।

२. सूचना प्रकाशित भएको मितिले १५औं दिनमा कार्यालयको समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजस्व शाखा/ आर्थिक प्रशासन शाखा बाट खरिद गर्न सकिनेछ।

३. कार्यालयबाट प्रमाणित भएको शिलबन्दि दरभाउ पत्र फारम स्वयं वा रितपूर्वकको लिखित वारीस पठाई पनि तोकिएको दस्तुर तिरी खरिद गर्न सकिनेछ ।

४. खरीद गरिएका शिलबन्दि दरभाउ पत्रहरुको प्रत्येक पानामा सहि छाप र शिलबन्दि गरि खाम बाहिर फर्मको नाम ठेगाना र ठेक्काको नाम लेखि सूचना प्रकाशित भएको १६ औं दिन, दिनको १२.०० सम्म खाम बन्दि गरि सरावल गाउँपालिकाको कार्यालय नवलपरासीमा दर्ता गर्न सकिनेछ।

५. दर्ता भएको टेण्डरहरु सोहि दिन २.०० बजे ठेकेदार आफै वा ठेकोदारको प्रतिनिधिको रोहबरमा खोलिनेछ । सो समयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधि उपस्थित नभएपनि कार्यालय प्रतिनिधको रोहवरमा टेण्डर खोल्न बाधा पर्ने छैन ।

६. टेण्डर फारम खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा क्रमश: सो को भोलिपल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।

७. प्रत्येक ठेक्काको छुट्टा छुट्टै खाममा शिलबन्दि दरभाउ पत्र शिलबन्दि गरि पेश गर्नुपर्नेछ ।

८. यस पूर्व यस कार्यालय बाट कुर्न कार्यको ठेक्का लिई फरफारक नभएको ठेकेदारबाट पेश भएको शिलबन्दि दरभाउ पत्र मान्यता दिनेछैन ।

९. बोलपत्रदातालाई शिलबन्दि दरभाउ पत्रमा दर भर्नु अघि सम्बन्धित खोलाको स्थलगत अवलोकन निरीक्षण गरि उल्लेखित दर रेट संकलन स्थलको यर्थाथ बस्तुस्थिति बुझी भरिएको मानिनेछ ।

१०. कुनै शर्त राखि पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको शिलबन्दि दरभाउ पत्र माथि कुनै कारवाहि गरिनेछैन ।

११. शिलबन्दि दरभाउ पत्रमा कबोल रकम अंक र अक्षरमा स्पस्ट संग लेख्नु पर्नेछ । अंक अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

१२. टेण्डर दाखिलाको लागि बिड बण्ड मान्य हुनेछैन । धरौटि वापत कबोल अंकको भ्याट बाहेक ५% ले हुनेरकम सरावल गाउपालिकाको कार्यालयको रा.वा.बैंक परासी शाखामा रहेको धरौटी खाता ३१००३०३००७१०२ (ग ३) मा जम्मा गरेको सक्कल भौचर शिलबन्दि दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ । ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ।

१३. टेण्डर स्विकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको १.५% अग्रिम कर तथा १३% मुल्य अभिबृद्धि कर (VAT) सरावल गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

१४. ठेक्का सम्झौता गर्दा बखतमा ५०% रकम नगद प्रथम किस्ता र बाँकि रकमको हकमा मान्यता प्राप्त वाणिज्य बैंकको २०७६ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टि पेश गर्नु पर्नेछ । बाँकि ५०% रकम बढिमा दुई किस्तामा बुझाउनु पर्नेछ । दोश्रो किस्ता वापत कबोल अंकको २५% रकम २०७५ चैत्र मसान्त भित्र र तेश्रो किस्ता वापत कबोल अंकको २५% ले हुने रकम २०७६ वैशाख मसान्त भित्र बुझाउनु पर्नेछ । अन्यथा प्रथम किस्ता वापतको रकम र धरौटि जफत हुनेछ ।

१५. नियमानुसारको ठेक्का सम्झौता गरेपछि मात्र चलान पुर्जि दिईनेछ । अन्यथा ठेक्का वापतको धरौटि रकम जफत हुनेछ ।

१६. नेपाल सरकार र सरावल गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निति निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ । कुनै कारण जनाई वा नजनाई ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सरावल गाउँपालिकाको कार्यालयमा सुरक्षीत रहनेछ ।

१७. ठेकेदारले सरावल गाउँपालिकाको कार्यालयले तोकेको दररेटमा कर असुली गर्नु पर्नेछ, त्यस्तो करका दर सवैले देखिने स्थानमा सार्वजनिक गर्ने पर्नेछ । ठेकेदारले दर उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट छपाई ती रसिदहरु यस कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नु पर्नेछ प्रमाणीत नगरेका रसिदहरुको कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाहि गरिनेछ ।

१८. पेश भएका शिलबन्दि दरभाउ स्विकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ । ठेक्का सम्बन्धि कुनै पनि विवाद सृजना भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

१९. यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन नियम र कानुन अनुसार हुनेछ ।

२०. प्रचतिल ऐन, नियम कानुन सूचनाको शर्तहरु विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यलयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी समेत ठेकेदारबाट सरकारी बाकी सरह असूल उपर गरिनेछ ।

२१. ठेकेदारले प्रचलित नियम अनुसार बुझाउनु पर्ने मुल्यअभिबृद्धि कर (VAT) तथा नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ । ठेक्का रकमबाट घटाउन पाईने छैन ।

२२. ढुंगा, गिट्टी, बालुवा, माटो ग्रभेल र रोडा नदिबाट निकासी गर्ने बाटो मर्मतको व्यवस्था ठेकेदार स्वयंले गर्नु पर्नेछ । खर्चको दावी गर्न पाईने छैन ।

२३. ठेकेदारले नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि गर्दा प्रारम्भिक वातावरणीय मुल्याङ्कन IEE प्रतिवेदनमा उल्लेख गरिएको परिमाण भन्दा बढि नहुनेगरि निर्धारित क्षेत्रबाट मात्र गर्नु पर्नेछ, यस विपरित कार्य गर्न पाईनेछैन ।

२४. नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि प्रयोजनको लागि ठुला उपकरणहरु लोडर, डोजर, एक्साभेटर, ब्याकुलोडर प्रयोग गर्न पाईनेछैन ।

२५. ठेकेदारले उत्खनन् गरिएको नदिजन्य पदार्थ, नदि किनार, सार्वजनिक चउर आदिमा घाट गद्दी गर्न पाईनेछैन । त्यसका ठेकेदारले आफ्नो स्वामित्वको जग्गामा व्यवस्थापन गर्नु पर्नेछ ।

२६. नदिजन्य पदार्थ ओसार पसार गर्दा पानिले भिजेको र पानि चुहाउदै ढुवानी गर्न पाईनेछैन ।

२७. नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रि सुर्योदय नहुदा सम्म र सुर्यास्त पश्चात गर्न पाईनेछैन ।

२८. ठेकेदारले कुनैपनि बन्द हड्ताल प्राकृतिक प्रकोप कारण देखाई छुट वा मिनाहा दावी गर्न पाईनेछैन ।

२९. ठेकेदारको मूल्याङ्कन गर्दा मुल्य अभिबृद्धि कर (VAT) बाहेकको अंकलाई आधार मानिनेछ ।

३०. शिलबन्दि दरभाउ पत्र सम्वन्धि सूचना यस कार्यालयको सूचना पाटि web site मा पनि हेर्न सकिनेछ ।

तपशिल

| क्र. सं. | ठेक्का नं. | नदिको नाम | संकलन उत्खनन् गर्ने क्षेत्र | संकलन उत्खनन् गर्नु पर्ने अनुमानित परिमाण घन फिटमा | बिक्रि दर ( मु.अ.कर बाहेक) | जम्मा न्यूनतम अंक | शिलवन्दि दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | ४/०७५/७६ | झरहि | बडकी बडसार, कुर्थावल आसपासका क्षेत्र | १६६३४९.७४ | २.०० | ३३२६९९.४८ | १०००.०० |
| २. | ५/०७५/७६ | हुलासी | बडहरा मंगलापुर आसपासका क्षेत्र | २१७४३२.४० | २.०० | ४३४८६४.८० | १०००.०० |